


वर्ष १ ● अंक २० ● ने.सं. ११४० चौलाथ्व ६ (खस्थि) ● वि.सं. २०७६ चैत्र १७ गते, सोमबार ● 2020 March 30 Monday ● पृष्ठ ८

अनलाइन संस्करण

# कीर्तिपुरमा ५० शैयाको आइसोलेसन वार्ड सुचारु



विश्वव्यापी महामारी कोरोना भाइरसविरुद्ध अभियानको क्रममा कीर्तिपुमा ५० शैयाको आइसोलेसन वार्ड तयार भई सञ्चालनमा ल्याएको छ।

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट केही शैयाहरू प्राप्त भएका छन् भने कीर्तिपुर नगरपालिकाको अग्रसरतामा कीर्तिपुर अस्पताल, विष्णुदेवी अस्पतालको सहयोगमा कीर्तिपुरको त्रिभुवन विश्वविद्यालय परिसरमा रहेको जनस्वास्थ्य केन्द्रीय विभागको नवनिर्मित भवनमा सो वार्डको व्यवस्था गरेको हो।

चैत्र ११ गते देखि बनाउन शुरु गरेको सो वार्ड कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्कालगायत वडाअध्यक्षहरू, कीर्तिपुर अस्पताल, विष्णुदेवी अस्पतालका साथै स्वयंसेवी स्वास्थ्यकर्मीहरूलगायत नगरपालिकाका कर्मचारी र स्वयंसेवकहरूसमेतको सहभागितामा सम्पन्न गरेको थियो।

हाल विशेषज्ञ उपलब्ध नभइरहेकोले यस वार्डमा रुघा खोकी, ज्वरो नाप्ने सेवा मात्र शुरु गरिएको छ भने यहाँबाट कोरोना सङ्क्रमितको आशंका भएमा तुरुन्त रिफर गर्ने पनि जनाइएको छ।

हाल रुघा खोकी र ज्वरो आउने मौसम पनि भएकोले यी लक्षणहरू देखिने वित्तिकै कोरोना सङ्क्रमण नै नहुने भएकोले आत्तिन नहुने कीर्तिपुर अस्तालका नि. निर्देशक डा. पेरु प्रधानले बताउनुभयो।

## उपमेयरको नेतृत्वमा बजार अनुगमन



कोरोनाको महामारीका बिचमा पनि कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काको नेतृत्वमा बजार अनुगमन गरेको छ। चैत्र १५ र १६ गते गरेको अनुगमनका क्रममा कीर्तिपुर क्षेत्रमा रहेका विभिन्न डिलरहरू र खाद्यान्न भण्डारणको अनुगमन गरेको हो।

महानगरीय प्रहरी वृत्त कीर्तिपुरका प्रतिनिधि र बजार व्यवस्थापनका प्रतिनिधिहरू बुद्धिमान महर्जन, नरेश महर्जन, इश्वरमुनि वज्राचार्य र कीर्तिपुर नगरपालिकाका सचिवालयका विकास महर्जनसहितको टोलीले अमल्सि बजार (नयाँबजार), भाजंगल, पाँगा, जाखा, भत्क्यापाटी, चम्पादेवी, धःपा, गुत्पौ, मैत्रीनगर आदि ठाउँमा अनुगमन गरेको थियो।

अनुगमन पछि उपमेयर खड्काले हाललाई तीन महिनासम्मका लागि खाद्यान्न मौज्दात रहेको बताउनुभएको थियो।

## सम्पादकीय

## कोरोनाको सन्त्रास र सामान्य अवस्थाको अपेक्षा

आज नोवेल कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणबाट सिङ्गै विश्वसँगै नेपाल पनि आक्रान्त छ। यस रोगले विश्वव्यापी महामारीको रुप ग्रहण गरेको छ। जुन तथ्यको हामी सबैजनालाई जानकारी नै छ। यसबाट विश्वको कुनै राष्ट्र अछुतो छैन। यस महामारीको रोकथाम र नियन्त्रणमा विश्वव्यापी अंशकै रुपमा नेपालले पनि पूरै राष्ट्र लकडाउन गरेको आज सोमबार सातौं दिनमा प्रवेश गरेको छ। लकडाउनकै कारण विद्यालय, कलेज, सरकारी कार्यालय, औद्योगिक प्रतिष्ठान, बजारलगायत भिडभाड हुने सबै स्थान सुनसान छ। अत्यावश्यक कार्यमा बाहेक मानवीय गतिविधि ठप्प रहेको छ।

यस विश्वव्यापी महामारी विरुद्धको लडाइँमा नेपाल सरकारको प्रयासमा कीर्तिपुर नगरपालिका र कीर्तिपुरवासीको सह्राहनीय सहयोग प्राप्त भएको छ। यसै क्रममा पूर्व सतर्कताको रुपमा कीर्तिपुर नगरपालिकाले वैदेशिक अध्ययन, भ्रमण र रोजगारीबाट फर्केकाको तथ्याङ्क राख्ने र अनुगमन गर्नेलगायत डेडिकेटेड अस्पताल तोक्ने, क्वारेन्टाइन केन्द्र तथा आइसोलेसन केन्द्र तयार गरेर सुचारु गरेको छ। यस क्रममै कीर्तिपुर नगरपालिकाले अत्यावश्यक सेवा बाहेक अरु सबै सेवाहरू बन्द गर्न सेवा प्रदायक सरकारी तथा निजी संघसंस्थालाई निर्देशन दिने र आफ्नो क्षेत्र भित्रका नागरिकलाई धैर्यता राखी संयमित हुन र अतिआवश्यक कार्यमा बाहेक घरबाहिर ननिस्कन अनुरोध गरेको छ। जुन निर्देशन र अनुरोध कीर्तिपुरमा कीर्तिपुरबासीले पूर्ण पालना गरेको देखिएको छ। यस लकडाउनको पालना गर्ने र सन्त्रस्त नभई धैर्यतापूर्वक सतर्कताका साथ व्यवहार गर्ने नगरपालिका र सुरक्षकर्मीले अनुरोधसहित विभिन्न माध्यम प्रयोग गरेर प्रचार प्रसार गर्ने र कुनै कठिनाई आइपरेको अवस्थामा आवश्यक सहयोगका लागि सम्पर्क गर्न सकिने व्यक्तिहरू र सम्पर्क नम्बर दिएर वातावरण सहज तुल्याउने प्रयास गरेको छ। जुन कार्य आफैमा प्रशंसनीय छ।

अन्तमा, नगर सन्देश परिवार सरकार, नागरिक र सबै संघसंस्थाको एकिकृत प्रयासले नेपाल छिट्टै यस विश्वव्यापी सङ्कटबाट मुक्त हुनेछ र निकट भविश्यमै पुनःसामान्य अवस्थामा फर्कने अपेक्षा व्यक्त गर्दछ।

# कोरोना सङ्क्रमण र हाम्रो दायित्व

**केदार बुढाथोकी**

कोरोना सङ्क्रमण अहिले विश्वको दुई सय भन्दा बढी देशहरूमा फैलिरहेको छ। चीनको वुहानबाट शुरु भएको यो भाइरसको सङ्क्रमण दिन प्रतिदिन उच्च दरमा बृद्धि भइरहेको छ। यसले विशेष गरी बृद्ध, बालबालिका र दीर्घरोगीलाई बढी असर गर्ने भए पनि सबै उमेर समूहमा प्रभाव पारेको देखिन्छ। यसको सङ्क्रमणले विश्वका शक्तिशाली देशहरूलाई समेत आतङ्कित बनाएको छ। आज अमेरिका, इटली, स्पेन जस्ता देशहरूसमेत कोरोना सङ्क्रमणबाट अत्तालिएका छन्। कोरोनाको कुनै एक उपचार पद्धति र औषधि पत्ता लाग्न सकेको छैन। यो सबैका लागि अत्यन्तै ठूलो बोझका रुपमा अगाडि देखापरेको छ र सम्पूर्ण मानवजातीलाई नै चुनौति दिएको छ।

हाम्रो देशको सन्दर्भमा अहिले सम्म केही मानिसमा मात्र कोरोना सङ्क्रमण देखिएको छ भने एकजना उपचार पछि घर फर्किएका छन् तर पनि नेपाल उच्च जोखिममा रहेको र सावधानी नअपनाए ठूलो क्षति हुनसक्ने विश्व स्वास्थ्य सङ्गठनले भनेको छ। यस परिस्थितिमा सरकारले आवश्यक सजकता अपनाउँदै पूर्ण लकडाउन गरेको छ र आवश्यक उपचारको प्रबन्ध गरेको छ। नेपाल जस्तो देशमा उपचारको तयारी भन्दा पनि आवश्यक सचेतना मार्फत रोग लाग्न नै नदिनु उत्तम विकल्प हुनेछ। तसर्थ सरकारले आवश्यक सन्देशहरूको प्रवाह गरेको छ कि बाहिर अनावश्यक हिँडडुल नगर्नु, आवश्यक काम गर्दा दुरी कायम गर्नु, साबुन पानीले पटक पटक राम्रोसँग हात धुनु, सेनिटाइजरको प्रयोग गर्नु, शंकास्पद् देखिएमा सेल्फ क्वारेन्टाइनमा बस्नु र कोरोनाको परीक्षण गर्नु हो। विदेशबाट आएको भएमा झन अझ सचेत र सतर्क हुनु जरुरी देखिन्छ। कम्तीमा चौध दिन क्वारेन्टाइनमा बस्न र कोरोना परीक्षण गर्न अनिवार्य छ। हाम्रो जस्तो देशमा यो सङ्क्रमण रोक्नका लागि सरकार जिम्मेवार भएर पूर्व सावधानी अपनाउनु अत्यन्त जरुरी देखिन्छ भने जनताले सरकारको आग्रहलाई अक्षरस पालना गर्नु पर्दछ। हाम्रो देशमा चिकित्सकीय सेवा र सुविधा यथोचित प्रबन्ध गर्न आफ्नै श्रोत र साधनले नपुग्ने भएकोले हामी आम जनताले रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै जाति भन्ने मन्त्रलाई आत्मसाथ गरी अगाडि बढ्नु नै बुद्धिमानी हुनेछ। रोग फैलिन नदिन जति सरकार जिम्मेवार र उत्तरदायी छ, त्यो भन्दा बढी हाम्रो भूमिका छ। सरकारको आग्रहलाई पूर्ण पालना गर्दै निरन्तर खबरदारीका साथ आवश्यक सहयोग गर्न सक्यौं भने हामीले कोरोना सङ्क्रमणलाई जित्न सक्छौं। अन्यथा पछि पछुताउनुको विकल्प रहने छैन। सबै समयमै सजक हुन अत्यन्त जरुरी छ।

### मेरो धारणा



**रोग फैलिन नदिन जति सरकार जिम्मेवार र उत्तरदायी छ, त्यो भन्दा बढी हाम्रो भूमिका छ। सरकारको आग्रहलाई पूर्ण पालना गर्दै निरन्तर खबरदारीका साथ आवश्यक सहयोग गर्न सक्यौं भने हामीले कोरोना सङ्क्रमणलाई जित्न सक्छौं। अन्यथा पछि पछुताउनुको विकल्प रहने छैन।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीर्तिपुर पूरै 'लकडाउन'



विश्वव्यापी महामारीका कारण कीर्तिपुर नगरपालिकामा पनि चैत्र ११ गते मंगलबारदेखि लकडाउन भएको छ। चैत्र १० गते सोमबार नगरपालिकाका मेयर रमेश महर्जनको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको आकस्मिक बैठकले सो कुराको निर्णय गरेलगत्तै बैठक पछि नगरपालिकाका उपमेयर तथा प्रवक्ता सरस्वती खड्काले सो कुराको जानकारी दिनुभएको थियो। चैत्र ११ गतेदेखि पूरै नेपाल पनि लकडाउन गर्ने नेपाल सरकारले पनि निर्णय गरेकोले यस कीर्तिपुर नगरपालिकामा पनि लागू गर्न सजिलो भएको हो। नगरपालिकाले गरेका निर्णयहरू देहाय बमोजिम रहेको जानकारी दिनुभएको थियो।

**निर्णय नं. १**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/१२/०९ को कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्ने विषयको पत्रबमोजिम यस नगरपालिकामा,

१. नगर स्तरीय समन्वय समिति, नगर प्रमुखको संयोजकत्वमा र

२. वडा स्तरीय समन्वय समिति, वडा अध्यक्षको संयोजकत्वमा गठन गरी तोकिएबमोजिमका कार्यहरू तत्काल कार्यान्वयन गर्ने।

**निर्णय नं. २**

करीब तीन महिना अघि छिमेकी मित्रराष्ट्र चीनको हुवेई प्रान्तको वुहान शहरबाट शुरु भएको कोरोना भाइसर (COVID-19) ले विश्वभर महामारीका रुपमा फैलिएको सन्दर्भमा नेपाल सरकारको निर्णय तथा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेको सो रोग नेपाल भित्रिसकेको विज्ञप्ती समेतलाई मध्यनजर गरी यस नगर क्षेत्रलाई सो रोगको सङ्क्रमणबाट सुरक्षित बनाउने हेतुले देहायअनुसार गर्ने गराउने र सरोकारवाला पक्षहरुलाई कार्यान्वयनका लागि पत्राचार तथा समन्वय गर्ने।

क. अत्यावश्यक कामबाहेक नगरवासीहरूलाई घर र नगरक्षेत्र बाहिर नजान र भित्र प्रवेश गर्नका लागि हेल्थ डेस्क र अभिलेखाङ्कन गरी त्रिभुवन विश्वविद्यालय गेटबाट मात्र यही २०७६ साल चैत्र ११ गते मंगलबार अपरान्ह १:०० बजे देखि प्रवेश र प्रस्थानको व्यवस्था गरी अन्य सबै नाकाहरू सम्बन्धित वडाहरू मार्फत स्थानीय प्रहरीको सहयोगमा बन्द गर्ने।

ख. अत्यावश्यक बाहेक सार्वजनिक यातायात र बजार बन्द गर्ने।

ग. नगरक्षेत्रका मुख्य मुख्य २० वटा स्थान र चोकहरूमा साबुन पानीले हात धुने प्रबन्ध गर्ने।

घ. प्रत्येक वडामा वडास्तरीय समन्वय समितिको पहलमा विद्यालयसँग समन्वय गरी कम्तीमा १/१ वटा क्वारेन्टाइन र आइसोलेसन भवनको व्यवस्थापन गर्ने।

ङ. नगरक्षेत्र भित्र रहेका पार्क, मनोरञ्जन स्थल, होटल, रेष्टुरेण्ट, पार्टी प्यालेस, ब्याङ्क्वेटलगायतमा मानिसहरुको भिडभाड र भेला, जम्मा हुन नदिने।

च. यस नगरक्षेत्रमा परम्परागत रुपमा मनाउँदै आएको जात्रा, पर्व, पूजाहरू भव्यरुपमा सञ्चालन नगरी नित्य पूजा मात्र गर्ने।

**निर्णय नं. ३**

माथि उल्लेखित प्रवेश नाकाको हेल्थ डेस्कमा खटिने कर्मचारीहरूलाई नेपाल सरकारले तोकेको मापदण्डबमोजिम सुविधा उपलब्ध गराउने।

**निर्णय नं. ४**

उल्लेखित रोग विरुद्धको सचेतना तथा नियन्त्रणको पूर्व तयारीका लागि प्रत्येक वडाले वडा स्तरीय विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने र उक्त बजेटले नपुग हुने अवस्थामा पुष्ट्याइसहित वडा समितिको निर्णय गरी केन्द्रमा बजेट माग गर्ने।

# नगरबासीया नामय् मेयर महर्जनया सन्देश



हलिंन्यंक न्यंनाच्वंगु कोरोना भाइरसया महामारीया हुनिं किपू नगरपापिलका नं सुरक्षित जुइमा धकाः किपू नगरपालिकां चैत्र १० गते सोमबाः हथासं च्वंगु नगरकार्यपालिकाया वैठकं चैत्र ११ गते मंगलबाःनिसें लकडाउन यायेगु निर्णया याःगु दुसा नेपाल सरकारं नै चैत्र ११ गतेनिसें दक्वं नेपाःहे लक डाउन यायेगु निर्णय याःगु खः ।

लकडाउनयात ध्यानय् तयाः किपू नगरपालिकाया मेयर रमेश महर्जनं नगरबासीया नामय् छगू सन्देश जारीयानादिसें सुं नं हतोत्साहि मजूसे संयमित जुइत इनाप याःगु दु । कोरोनाया बांलाक वासः जुलकि लनीगु नं मेयर महर्जन स्पष्ट यानादीगु दु ।

मेयर महर्जनं नगरबासीया नामय् यानादीगु सम्बोधनया पूवंगु पाठ ः

ज्वजलपा,

हनेबहपिं मां बा दाज'किजा व तताकेहेँपिं,

मित्रराष्ट्र चीनं शुरुजुया थौं हलिं न्यंक फैले जूगु कोरोना भाइरसपाखें थ्व भ्रीगु किपू नगरपालिकाय् थप क्षति मजुकेगु लागिं थौं च्वंगु किपू नगरकार्यपालिकाया ६७ औं बैठकं तच्वकं महत्वपूर्णगु निर्णय याःगु दु । थुगु निर्णयपाखें छिकपिंत जुइगु असुविधा प्रति कीर्तिपुर नगरपालिकां क्षमा फ्वनाच्वना । कोरोना भाइरसविरुद्धया थुगु महाअभियानय् छिकपिं सकसिगुं पूर्ण रुपं ग्वहालि जुइ धइगु जिं मनंतुनांच्वना । कोरोना भाइरसया संक्रमण पाखें भ्रीपिं बचे जुइनु । संक्रमण जूसांनं थ्वयागु बांलाःगु उपचार पाखें भ्रीपिं बचे जुइफु । थःनं बचे जुइनु मेपिंत नं बचे यायेनु । जय किपू ।

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु । साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने ईच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# किपू न.पां. नगरबासीया स्वास्थ्य विवरण मुंकल

किपू नगरपालिकां नगरबासीतय्गु स्वास्थ्य विवरण मुंकेगु ज्या न्ह्याकूगु दु । नगरपालिकाया थःगु वेवसाइटपाखें (अनलाइन मार्फत) थुगु विवरण मुंकाच्वंगु खः । क्वय् न्ह्यथनाकथंया लिंकय् क्लिकयातकि क्वय् न्ह्यथनाकथंया विवरण वइगु व छसिकथं अनलाइनय् थुगु विवरण जायेका दक्कले क्वय् दुगु **Submit** य् क्लिक याना विवरण छ्वयाहयादीत किपू नगरपालिकां सकल नगरबासीतय्त इनाप याःगु दु ।

https://docs.google.com/forms/d/e/1FAIpQLSdN4XE4LzehCeXTDCNo18h-5x50AbhPbasJ1QFDpXABnmmtrw/viewform?vc=0&c=0&w=1

## कीर्तिपुर नगरबासीको स्वास्थ्य विवरण

नमस्कार सबैलाई !

Corona (covid-19) को कारणले नेपालभरि lock-down भएको हुँदा नगरपालिकाले online स्वास्थ्य विवरण राख्न लागेको हुनाले कीर्तिपुरवासी निम्न अनुसारका विरामीले यो विवरण भरेर सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

तपाईको नाम ः

मोवाईल ः

उमेर ः

वडा छान्नुहोस् ः

टोल ः

घरको विद्युत नम्बर ः

के तपाई हालसालै विदेशबाट फर्किनु भएको हो ?

हो

होईन

तपाईलाई रूघा खोकि लागेको छ?

तपाईलाई घाँटी दुखेको छ?

तपाईलाई सास फेर्न गाह्रो छ?

तपाईलाई ज्वरो आईरहेको छ?

तपाईको Temperature कत्ति छ?

तपाईले औषधी खाईरहनु भएको छ भने नाम लेख्नुहोस् !

Submit

# मेयर महर्जनं पिपिइ (सुरक्षित जुइगु लं) इनांबिल

हलिंन्यंक न्यंनाच्वंगु कोरोना भाइरसया महामारीया हुनिं सकसितं ग्याःचिकु ब्वलनाच्वंगु दु। थुगु इलय् सङ्क्रमिततयूत वासः याइपिं स्वास्थ्यकःमितयूत भन हे खतरा ब्वलनीगु खः। थ्व हे खँयात वाःचायेका किपू नगरपालिकां नगर दुनेया दक्व हे स्वास्थ्य चौकिइ आइतवाः पिपिई (सुरक्षित जुइगु लं) इनांब्यूगु दु।

किपू नगरपालिकाया मेयर रमेश महर्जनं प्रत्येक स्वास्थ्य चौकियात बुट व चस्मा बाहेकया गाउन, मास्क सहितया पिपिई ( Personal Protective Equipment) सेट लःल्हानादीगु खः।

# वडा नं. ५ य् राहत ज्वलं इनांबिल



हलिंन्यंक माहामारीया रुपं न्यनाच्वंगु कोरोना भाइरसया संक्रमितत नेपालय् नं खनेदयावःगुलिं उकीयात म्हो यायेगु व रोकथामया लागिं पूर्वतयारी यायेगु ज्या किपू नगरपालिकां न्ह्याकूगु दु। थ्वहे भ्ववलय् किपू नगरपालिकां थःगु नगरय् पिनें वयाच्वंपिं व नगर दुने हे च्वंपिं न्हिखानां न्हिनयेमाःपिनिगु ल्याःचाः तयेगु ज्या न्ह्याकूगु दु। थुकीया लागि नगर दुनेच्वंपिं छेँथुवाःतयूत छगू सुचं जारीयासें थजाःपिं सुं नं श्रमिकत दुसा नगरपालिकाय् थ्यनीकथं इमिगु ल्याःचाः उपलब्ध यानाबीत इनाप याःगु दु।

थ्वहे भ्ववलय् किपू नगरपालिकाया ५ नं. वडां थःगु वडाय् च्वनांच्वंपिं अपाङ्ग, विपन्न वर्ग व न्हिखानां न्हिनयेमाःपिं मजदुरतयूत राहत ज्वलं इनां ब्यूगु दु। वडा अध्यक्ष राजेन्द्र महर्जनं थःगु व्यक्तिगत रुपं थुगु राहत ज्वलं इनांब्यूगु खः। चैत्र १४ गते इनांब्यूगु राहत ज्वलनय् ५ किलो जाकि, १ किलो कें (दाल), १ पाकेट चिकं व १ किलो चि दुगु खः। वडाया १७ गू परिवारयात थुगु ज्वलं इनांब्यूगु खः।

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः
च.नं.:

कीर्तिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

मितिः २०७६।१२।१४

श्री कछपाल सुर्वर्णगिरी सहाविहार
कीर्तिपुर, चोभार।

**विषय : जात्रा मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) रोगका केही बिरामीहरु नेपालमा पनि देखिएकोले त्यसलाई न्युनिकरण तथा रोकथामका लागि पूर्वतयारी गर्ने क्रममा यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्र विभिन्न समयमा विभिन्न जात्रा पर्वहरु मनाउनु पर्ने हाम्रो परम्परागत रुपमा मनाउँदै आइरहेको त्यस क्षेत्रको आनन्दारी लोकेश्वर (नेखु जात्रा) लाई भव्य रुपमा नमनाउन साथै भिडभाड नहुने गरी अत्यावश्यक नित्यकर्म मात्र गर्न गराउन हुन अनुरोध छ।

सहयोगका लागि धन्यवाद।

रमेश महर्जन
प्रमुख

नगर प्रमुख

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

कीर्तिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

पत्र संख्याः
च.नं.:

मितिः २०७६/१२/१३

श्री..............................
कीर्तिपुर शाखा।

**विषय : बैक संचालन गर्ने सम्वन्धमा।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिइ रहेको कोरोनाभाइरस (कोभिड १९) को संक्रमण फैलन नदिनको लागि नेपाल सरकारबाट मिति २०७६/१२/११ गते विहान ६ बजेबाट लागु हुने गरी लक डाउन गरिएको विषयलाई मध्यनजर गरी कीर्तिपुर नगर क्षेत्रभित्रका सम्पूर्ण बैंकहरु तपशिल अनुसारको मिति, समयमा संचालन गरि सहयोग दिनु हुन अनुरोध छ। साथै तल दिइएको मिति र समय क्रमिकरुमा दुई दिनको अन्तरमा बैंक संचालन गरि दिनुहुन समेत अनुरोध छ।

| क्र.सं. | बैकको नाम | समय | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल बैक लि | विहान १०:००-१२:०० | २०७६/१२/१४ | |
| २ | कृषि विकास बैक | दिउसो २:००-४:०० | | |
| ३ | रा.वा.बैक | दिउसो ४:००-६:०० | | |
| ४ | एभरेष्ट बैक | विहान ८:०० - १०:०० | | |
| ५ | NIBL | दिउंसो १२:०० - २:०० | | |
| ६ | NIC | विहान ११:०० -१:०० | | |
| ७ | Bangladesh Bank | दिउंसो १:०० - ३:०० | | |
| | | | | |
| ८ | Global IME | विहान ८:०० -१०:०० | २०७६/१२/१५ | |
| ९ | मुक्तिनाथ बैक | विहान ८:०० -१०:०० | | |
| १० | सिभिल बैक | विहान १०:००-१२:०० | | |
| ११ | सिटिजन बैक | विहान १०:००-१२:०० | | |
| १२ | कुमारी बैक | दिउंसो १२:०० - २:०० | | |
| १३ | ज्योति विकास बैक | दिउंसो १२:०० - २:०० | | |
| | | | | |
| १४ | सिद्धार्थ बैक | विहान १०:००-१२:०० | २०७६/१२/१६ | |
| १५ | प्राइम बैक | विहान १०:००-१२:०० | | |
| १६ | प्रभु बैक | दिउंसो १२:०० - २:०० | | |
| १७ | लक्ष्मी बैक | दिउंसो १२:०० - २:०० | | |
| १८ | माछापुच्छ्रे बैक | दिउसो २:००-४:०० | | |
| १९ | नविल बैक | दिउसो २:००-४:०० | | |
| २० | जनता बैक | दिउसो २:००-४:०० | | |

नोटः केही सल्लाह सुझाव भए नगरपालिकामा सम्पर्क गर्नु हुन अनुरोध छ।

(रमेश महर्जन)
नगर प्रमुख

नगर प्रमुख




**लकडाउनमा कीर्तिपुर :** कोरोना भाइरसबाट बच्न नेपाल सरकारले घोषणा गरेको नेपाल लकडाउनको पाँचौं दिन शनिवार कीर्तिपुरको अति व्यस्त हुने अमल्सि बजार सुनसान देखिएको छ। नेपाल लकडाउन यही चैत्र १८ गतेसम्मका लागि लागु गरिएको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

---

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:

मिति: २०७६/१२/१६

## सूचना

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) रोगका केही बिरामीहरु नेपालमा पनि देखिएकोले त्यसलाई न्यूनिकरण तथा रोकथामका लागि पूर्वतयारी गर्ने क्रममा यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्रमा काठमाडौं उपत्यका बाहिरबाट आई दैनिकज्याला मजदुरीमा काम गर्ने व्यक्तिहरुको व्यवस्थापनका लागि तथ्यांक लिनु पर्ने भएकोले आ-आफ्नो घरमा रहेका श्रमिकहरुको तथ्यांक उपलब्ध गरि दिनुहुन सम्पूर्ण घरधनी तथा नगरवासीहरुमा अनुरोध छ।

सहयोगका लागि धन्यवाद।

रमेश महर्जन
प्रमुख

नगर प्रमुख

फोन नं. [illegible] फ्याक्स नं. [illegible] E-mail [illegible]

---

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:

मिति: २०७६/१२/१३

## सूचना

यस कीर्तिपुर नगरपालिकाभित्रको फोहोर घर घरबाट संकलन गरी ओखरपौवा स्थित व्यवस्थापन भइरहेको नगरबासीमा अवगत नै छ। प्राविधिक कारणले केही समयका लागि त्यस स्थनमा फोहोर व्यवस्थापन गर्न अनकूल नभएको नगरबासीहरुमा जानकारी गराईन्छ। साथै विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिइ रहेको कोरोनाभाइरस (कोभिड १९) को संक्रमण फैलन नदिनको लागि नेपाल सरकारबाट मिति २०७६/१२/११ गते विहान ६ बजेबाट लागु हुने गरी नेपालभर लक डाउन गरिएको अवस्थामा नगरबासीहरुबाट घरभित्रका फोहोर केही समयका लागि कुहिने र नकुहिने छुट्याई घरमै राख्नु हुन अनुरोध गरिन्छ। केही समयका लागि कुहिने फोहोरमैला मात्र संकलन गर्ने र नकुहिने फोहोमैला घरघरमै राखी दिनुहुन अनुरोध छ। यसबाट नगरबासीहरुलाई पर्न गएको असुविधा प्रति क्षमा प्रार्थि छौं।

रमेश महर्जन
(नगर प्रमुख)
नगर प्रमुख

फोन नं. [illegible] फ्याक्स नं. [illegible] E-mail [illegible]

# विदेशबाट कीर्तिपुर आएका ५५ जना सुरक्षित क्वारेन्टाइनमा

विश्व मै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपालबाट विदेश गइरहेका व्यक्तिहरू आफ्नो देश नेपाल फर्किरहेका छन्। चीनको वुहान शहरबाट फैलिरहेको यो भाइरस नेपालमा हालसम्म ४ जनामा देखिए तापनि तिनीहरूको स्वास्थ्य स्थिति सामान्य रहेको जानकारी आइरहेका छन्। नेपालमा हालसम्म यी ४ जना बाहेक अरु सङ्क्रमित नभइरहेको अवस्थामा विदेशबाट आएका नेपालीहरूमा भने यस्को सङ्क्रमण हुने सम्भावना बढी रहेकोले कोही पनि विदेशबाट आएकाहरू पहिलो १४ दिन सम्म आफैं सुरक्षित हुने "सेल्फ क्वारेन्टाइन"मा बस्नु पर्ने हुन्छ। यदि १४ दिनसम्ममा पनि सुख्खा खोकी लाग्ने, ज्वरो आउने, श्वास प्रश्वासमा गाह्रो हुने जस्ता कोरोना भाइरस सङ्क्रमणको लक्षण देखिएन भने बल्ल सुरक्षित हुने भएकोले यसमा ध्यानदिनु पर्ने देखिन्छ।

कोरोना भाइरसको सङ्क्रमणले गर्दा नेपाल सरकारले चैत्र ११ देखि १८ गतेसम्मका लागि नेपाल लकडाउन गरेयता कीर्तिपुर नगरपालिका भित्र विभिन्न १५ देशहरूबाट जम्मा ५५ जना आइसकेका छन्। ती सबै नै हाल सेल्फ क्वारेन्टाइनमा बस्दै आइरहेको जानकारी प्राप्त भएको छ। ती मध्ये सबभन्दा बढी १६ जना वडा नं. ४ मा आएका छन् भने वडा नं. ९ मा कोही पनि आएका छैनन्। सबभन्दा बढी छिमेकी राष्ट्र भारतबाट आएका छन् भने त्यहाँबाट १४ जना व्यक्तिहरू कीर्तिपुरमा आएका छन्। वडा नं. ३ मा आएको १ जनाको भने कुन देशबाट आएको भन्ने यकिन हुन सकेको छैन। बंगलादेशबाट आएको वडा नं. ४ का बासिन्दा भने हाल भक्तपुरको क्वारेन्टाइनमा सुरक्षितका साथ रहेको जानकारी प्राप्त भएको छ।

हेरौं कीर्तिपुर नगरपालिकाका कुन वडामा कति जना कुन देशबाट आएका छन्।

## कीर्तिपुर नगरपालिका

### विदेशबाट कीर्तिपुर आएकाहरूको विवरण

| वडा नं. | मकाउ | बेलायत | अमेरिका | सं.अ.ई.(दुवई) | बंगलादेश | अष्ट्रेलिया | भारत | जापान | जर्मन | कतार | साउदी अरब | टर्की | फ्रान्स | कोरिया | मलेसिया | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | १ | | | | | | | | | १ |
| २ | १ | १ | १ | | | | | | | | | | | | | ३ |
| ३ | | | | | | | | | | | | | | | | १* |
| ४ | | | | ३ | १ | | ८ | ४ | | | | | | | | १६ |
| ५ | | | | | | १ | | | | | | | | | | १ |
| ६ | १ | | | | | | | २ | १ | २ | ३ | १ | १ | | | ११ |
| ७ | | | २ | ३ | | | ३ | | | १ | | | १ | १ | १ | १२ |
| ८ | | | | २ | | २ | | | | | | | | | | ४ |
| ९ | | | | | | | | | | | | | | | | - |
| १० | | | १ | ३ | | | २ | | | | | | | | | ६ |
| जम्मा | २ | १ | ४ | ११ | १ | ३ | १४ | ६ | १ | ३ | ३ | १ | २ | १ | १ | **५५** |

# कीर्तिपुर नगरमा ५०० शैयाको क्वारेन्टाइन बनाइँदै



कीर्तिपुर नगरपालिकाको चैत्र १० गते सोमबार बसेको नगरकार्यपालिकाको आकस्मिक वैठकद्वारा प्रत्येक वडामा वडास्तरीय समन्वय समितिको पहलमा विद्यालयसँग समन्वय गरी क्वारेन्टाइनको व्यवस्थापन गर्ने भन्ने निर्णय गरे बमोजिम प्रत्येक वडाले त्यसको व्यवस्थापन गरिरहेको छ। कीर्तिपुर नगरपालिकामा भएको १० वटै वडाले नगरभित्र करीव ५०० शैयाको क्वारेन्टाइनको व्यवस्था गरिरहेको हो।

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका सम्भावित सङ्क्रमणहरूको लीग प्राथमिक रुपमा उपचार गर्न यस प्रत्येक वडाले क्वारेन्टाइनको व्यवस्था गरिरहेको हो।

कीर्तिपुर नगरपालिका वडा नं. १ ले त्यालँमा रहेको लोक आदर्श स्कुल र बाघभैरव स्थित हिल-टाउन स्कुलमा गरी ५० शैयाको क्वारेन्टाइनको व्यवस्था गरिरहेको छ भने वडा नं. २ ले इन्द्रायणी आधारभूत स्कुलमा २० शैयाको क्वारेन्टाइनको व्यवस्था गरेको छ। त्यसैगरी वडा नं. ३ ले समल सामूदायिक भवन र हिकाष्ट भेटेरिनरी टिचिङ्ग हस्पिटलमा ५० शैयाको, वडा नं. ४ ले ग्रीनभिजेल स्कुल, एपिएफ स्कुल र बाघभैरव स्कुलमा गरी ७० शैयाको, वडा नं. ५ ले राराहिल स्कुल र जनसेवा स्कुलमा गरी ५० शैयाको, वडा नं. ६ ले टौदह स्कुल, शुभकामना एकेडेमि र आदिनाथ माध्यमिक विद्यालयगरी १०० शैयाको क्वारेन्टाइनको व्यवस्था गरिरहेको छ।

वडा नं. ७ ले बैष्णवी माध्यमिक विद्यालय र साल्भेनिया एकेडेमिमा गरी ३० शैयाको क्वारेन्टाइनको व्यवस्था गरिरहेको छ भने वडा नं. ८ ले नवज्योती स्कुल र पाँगा माध्यमिक विद्यालयमा गरी ५० शैयाको, वडा नं. ९ ले क्रियटिभ एकेडेमीमा ५० शैयाको त्यसैगरी वडा नं. १० ले मंगल माध्यमिक विद्यालय र लेवेरेटोरी स्कुलमा गरी ३० शैयाको क्वारेन्टाइन बनाइरहेको छ।

## कीर्तिपुर नगरपालिकाको

## अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि. सुपरिटेण्डेण्ट, विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com